

विज्ञापनको लागि सम्पर्क:
९८१४५८१८१, ०२३-५४३८२०



# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो । त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं । छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष-१३ ।। अङ्क : २९१ ॥ २०७८ पुष २२ गते बिहिबार (6th Jan 2022 Thursday) **Pratidin** National Daily dNo-?÷%÷-


# नेपालमा कोरोना संक्रमितको संख्या बढ्दै

*झापा (प्रस)* । विश्वका अन्य मुलुकमा ओमिक्रोनको संक्रमण व्यापक भइरहँदा नेपालमा भने संक्रमित अति न्यून भेटिएका छन्। नेपालमा पनि ओमिक्रोन भेरिएन्ट गत मंसिर २० गते पहिलोपटक भेटिएको थियो।

मन्त्रालयले पत्रकार सम्मेलन गर्दै ओमिक्रोन भाइरसको संक्रमण ६६ र ७१ वर्षका दुई जना विदेशीमा देखिएको जनाएको थियो।

उनीहरू केही दिनमै संक्रमणमुक्त भए । यस्तै, गत पुष ७ गते एक जना ५८ वर्षीय पुरूषलाई ओमिक्रोन संक्रमण देखिएको थियो।

नेपालमा पहिलोपटक ओमिक्रोन भेटिएको एक महिना पुगिसकेको छ।

तर अहिलेसम्म जम्मा ३ हजार २ सय जनामा मात्रै ओमिक्रोनको परीक्षण गरिएको राष्ट्रिय




जनस्वास्थ्य प्रयोगशालाकी निर्देशक डा. रुना झाले बताइन् । 'हामीले अफिसियल रुपमा ३ जनामा ओमिक्रोन देखिएको बताइसकेका छौं। अन्य संक्रमित देखिए भने अफिसियल रुपमै जानकारी दिनेछौं', उनले भनिन् । भारतमा ओमिक्रोन संक्रमण बढ्दै गएको र पछिल्लो समय सीमा नाकाहरूमा भएका विभिन्न हेल्थ डेस्कमा परीक्षण गरिएकामा २-३ प्रतिशतभन्दा धेरैमा संक्रमण देखिएको हुँदा ओमिक्रोन संक्रमित पनि बढ्न सक्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

हाल सुदूरपश्चिम र प्रदेश-१ मा कोरोना पोजेटिभ भएकाहरूमा 'एस जीन' नेगेटिभ संख्या बढिरहेको हुँदा ओमिक्रोन भेरिएन्टको जोखिम बढ्दै गएको बताइन्छ । प्रयोगशालाकी निर्देशक डा.झाले पछिल्लो समय पिसिआर पोजेटिभ देखिएकामा 'एस जीन' नेगेटिभ देखिने क्रम बढिरहेको बताएकी छन्। 'पछिल्लो समय 'एस जीन' नेगेटिभ आएर जिन सिक्वेन्सिङ गराउनुपर्ने केश बढेको छ', उनले भनिन्।

कुनै पनि संक्रमितमा भएको भाइरस ओमिक्रोन भेरिएन्ट हो कि होइन भन्ने पत्ता लगाउन जिन सिक्वेन्सिङ गर्नुपर्छ। जसमा 'एस जीन' नेगेटिभ आएकाहरूको मात्र जिन सिक्वेन्सिङ गरिन्छ।

'एस जिन' नेगेटिभ आउनेहरूमा ओमिक्रोन भेरिएन्ट देखिने सम्भावना धेरै हुने हुँदा जिन सिक्वेन्सिङ गरिने गरेको स्वास्थ्य तथा आपतकालीन स्वास्थ्य व्यवस्थापन केन्द्र (एचइओसी)का प्रमुख डा. समीरकुमार अधिकारीले बताए।

'एस जिन नेगेटिभ हुँदैमा ओमिक्रोन देखिने भन्ने त होइन तर सम्भावना धेरै हुन्छ। ओमिक्रोन भेरिएन्टमा एस जीन म्युटेसन भएकाले यो नेगेटिभ आउँछ। पिसीआर पोजेटिभ र एस जीन नेगेटिभ आएको नमूनाको मात्र जिन सिक्वेन्सिङ गर्ने गरी मापदण्ड तयार पारिएको छ,' उनले भने।

पछिल्लो समय कोराना संक्रमण फेरि बढ्न थालेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत साताभन्दा यो साता संक्रमितको संख्या झण्डै एक प्रतिशतले बढेको छ । परीक्षण खासै नबढाउँदा पनि संक्रमित बढ्नुले नेपालमा ओमिक्रोन संक्रमित नभेटिएको कि नजाँचिएको भन्ने गम्भीर प्रश्न निम्त्याएको छ ।

नेपालमा बुधबारसम्म कोरोना संक्रमितका ५ हजार २२५ जना सक्रिय संक्रमित रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयको तथ्यांकअनुसार २४ घण्टामा ३७० जनामा कोरोना संक्रमण देखिएको छ । २४

❖ बाँकी अन्तिम पृष्ठमा



दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई परास्त गरौं ।
जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं ॥

नेकपा एमाले

दशौं झापा जिल्ला अधिवेशन भव्य रूपमा सफल पारौं !

२३-२४ पौष २०७८ । बिर्तामोड, झापा


## काँकरभिट्टामा सञ्चालनमा आयो हेल्थ हेल्प डेक्स

*मेचीनगर (प्रस)* । पूर्वी नाका काँकरभिट्टामा मेचीनगर नगरपालिकाको काँकरभिट्टा हेल्थ हेल्प डेक्स बुधबारबाट सञ्चालनमा आएको छ । सुविधासम्पन्न र बेडसहितको काँकरभिट्टा हेल्थ हेल्प डेक्सको नगर प्रमुख विमल आचार्यले उद्घाटन गरेपछि सञ्चालनमा आएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

मेचीनगर नगरपालिकाको पहलमा स्वास्थ्य जनसंख्या मन्त्रालयको स्वास्थ्य सेवा विभाग इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको करीव ५० लाख रुपैयाँ हेल्थ डेक्स निर्माणका लागि विनियोजन गरिएको थियो । त्यसमा ४१ लाख ८४ हजार रुपैयाँ खर्च भएको जनाइएको छ ।

सबै सीमा क्षेत्रहरुमा स्वास्थ्य चेकजाँच गर्नका लागि नेपाल सरकारले धेरै वर्ष अघिदेखि ठाउँठाउँमा स्वास्थ्य केन्द्र स्थापना गरेको भन्दैं नगरप्रमुख आचार्यले कहिले औलो, कहिले कालोज्वरो, कहिले दादुरा तथा कहिले पोलियो रोग नियन्त्रणका लागि यस्ता संरचना तयार गरिएको बताए ।

अहिले कोभिड ओमिक्रोन समेतको संक्रमण सीमावर्ती क्षेत्रमा देखिएकाले र यो विशेष नाका भएका कारणले पनि चिकित्सक र अन्य प्राविधिकसहितको टोलीको व्यवस्था गरिएको नगरप्रमुख आचार्यको भनाई छ । कोभिडलगायत



अन्य महामारी नियन्त्रणमा यो काँकरभिट्टा हेल्थ हेल्प डेक्सले महत्वपूर्ण भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे । एउटा प्रारम्भिक उपचारको केन्द्रको रुपमा यो संरचना स्थापित गरिएको उनको भनाई छ । उपप्रमुख मीना पोखरेल उप्रेतीले विभिन्न समयमा आउने विभिन्न खाले महामारी नियन्त्रणमा नगरका सबै क्षेत्रले भूमिका खेल्न आवश्यक रहेको बताइन् । डेक्समा बेडको पनि व्यवस्था रहेकाले अन्य खालका विरामीहरुले समेत प्राथमिक उपचार प्राप्त गर्न सक्ने उनले जानकारी दिइन् । मेचीनगर ६ का वडाध्यक्ष ललितबहादुर तामाङको अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझा, जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य धनप्रसाद गुरुङलगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्तीले गरेका थिए । कार्यक्रममा मेची भन्सार कार्यालय काँकरभिट्टाका प्रमुख भन्सार अधिकृत केशवराज ओली, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक सुनिल दाहाल, सशस्त्र प्रहरी बल नेपाल वीओपी काँकरभिट्टाका प्रमुख सशस्त्र प्रहरी निरीक्षक प्रेम राई, विभिन्न राजनीतिक दल,संघसंस्थाका प्रमुख प्रतिनिधिसहित उद्योगी, व्यवसायी, सञ्चारकर्मीलगायतको सहभागिता रहेको थियो ।

## स्थानीय चुनावका लागि तयार रहन बुढाथोकीको निर्देशन

*अर्जुनधारा (प्रस)* । नेपाली कांग्रेसका केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीले आगामी बैशाखमा हुने स्थानीय तहको निर्वाचनका लागि तयारी थाल्न कार्यकर्ताहरुलाई निर्देशन दिएका छन् ।

नेपाली कांग्रेस झापा क्षेत्र नं-२ प्रदेशसभा 'ख' द्वारा आयोजित सपथ ग्रहण एवं सम्मान कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै बुढाथोकीले कांग्रेसका कार्यकर्ताले देश, जनता र पार्टी हितलाई ध्यानमा राखेर अघि बढ्नुपर्नेमा जोड दिए । गोपनियता, जिम्मेवारी र पारदर्शितालाई सन्तुलित ढंगले अघि बढाउन आग्रह गर्दै उनले सबैलाई एकताबद्ध रुपमा संगठित गर्न सके कांग्रेसलाई कसैले हराउन नसक्ने दावी गरे । नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबेले पार्टीको आन्तरिक छनौट प्रक्रियालाई स्वाभाविक रुपमा लिनुपर्ने बताउँदै वास्तविक प्रतिष्पर्धा त संसदीय निर्वाचनमा अन्य दलसँग हुने धारणा राखे ।




कार्यक्रममा नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले पार्टीको आन्तरिक छनौट प्रक्रियाको विषयलाई लिएर एकअर्का बीचमा मनोमालिन्य र कुप्रचार नगर्न आग्रह गर्दै आज गलत भनेको साथीलाई भोलि निर्वाचनमा असल उम्मेद्वार भन्नुपर्दा आइपर्ने समस्यालाई बेलैमा ध्यान दिन सुझाव दिए ।

सोही कार्यक्रमका बीच नेपाली कांग्रेस क्षेत्र नं-२ प्रदेश 'ख' ले आफ्नो प्रदेश क्षेत्रबाट केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिमा निर्वाचितहरुलाई स्वागत सम्मान गरेको थियो ।

नेपाली कांग्रेस अर्जुनधारा नगर समितिको कार्यालयमा आयोजित कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्यमा निर्वाचित केशवकुमार बुढाथोकी र सरिता प्रसाई, प्रदेश नं-१ का सभापति उद्धव थापा, प्रदेश समिति सदस्य राजकुमार बराइली र रञ्जिता कार्की, जिल्ला सचिव कृष्ण हुमागाई र २ क्षेत्रीय सभापति खगेन्द्र मैनालीलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

प्रदेशसभा २ 'ख' का सभापति किरण श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा २ नं क्षेत्रीय सभापति खगेन्द्र मैनाली, अर्जुनधारा नगर सभापति हेमप्रसाद खरेल, अर्जुनधारा ६ नं वडा सभापति नेत्र विमलीलगायतले मन्तब्य राखेका थिए ।उपसभापति पहलमान बरालले स्वागत मन्तब्य राखेको कार्यक्रमको सञ्चालन सचिव डिल्लीराम सापकोटाले गरेका थिए ।


सूचना सूचना सूचना

२०७८ फागुन २१ गतेदेखि ३० गतेसम्म बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा झापा गोल्डकपको पाँचौं संस्करण सञ्चालन गर्ने तयारी गरिएको हुँदा, रंगशालाको मर्मत तथा निर्माण गर्नुपर्ने भएकाले २०७८ पुस १८ गतेदेखि गोल्डकप समाप्त नहुन्जेल रंगशालामा कुनै पनि किसिमका प्रशिक्षण तथा अभ्यास खेलहरु सञ्चालन नगरिदिनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

झापा गोल्डकप परिवार





# दमकमा जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता हुँदै



*दमक (प्रस)* । दमकमा आउँदो शनिबार जिल्लास्तरीय जुनियर तेक्वान्दो प्रतियोगिता सञ्चालन हुने भएको छ । दमक नगर तेक्वान्दो ( आइटिएफ) उपसमितिको आयोजनामा सञ्चालन हुने प्रतियोगिताका बारेमा बुधबार पत्रकार सम्मेलन मार्फत जानकारी दिइएको हो । प्रतियोगितामा २० देखि ७५ बर्षमाथिको तौल समूहका करिब २ सय खेलाडीहरु सहभागी हुनेछन् ।

जिल्लाका विभिन्न ठाउँमा सञ्चालित ६ वटा डोजाङमा आबद्ध जुनियर प्रशिक्षार्थी खेलाडीहरुले सो प्रतियोगितामा भाग लिनेछन् । प्रतियोगितामा महिला/ पुरुष समूहबाट अलगअलग सहभागिता गराइनेछ । आयोजक समितिका अध्यक्ष नविन तामाङले प्रतियोगिताका विजेता, उपविजेता खेलाडीहरुलाई ट्रफी र मेडलबाट सम्मान गरिने जानकारी दिए । आयोजक समिति उपाध्यक्ष मुबि राईले प्रतियोगितामा सहभागी हुन आउने खेलाडीहरुको व्यवस्थापनका लागि पूर्व तयारी पूरा भएको जानकारी दिइन् । प्रतियोगिताका उत्कृष्ट खेलाडीहरुलाई देश विदेशमा हुने अन्य प्रतियोगितामा सहभागिताको अवसर प्रदान गरिने अध्यक्ष तामाङले बताए । प्रतियोगिता सम्पन्न गर्न करिब २ लाख ५० हजार रुपैयाँ लाग्ने अनुमान आयोजकले गरेको छ । दमक नगरपालिकाको खेलकुद विकास समितिबाट नगद १ लाख रुपैयाँ र अन्य खेलप्रेमी सहयोगी दाताहरुको सहयोगमा सो प्रतियोगिता सम्पन्न गर्ने लक्ष्य राखेको आयोजकले जनाएको छ ।

# मारसाल कृषि सहकारीको साधारणसभा सम्पन्न

*कुमरखोद (प्रस)* । झापा गाउँपालिका वडा नं. २ मा रहेको मारसाल कृषि सहकारी संस्थाले बुधबार आफ्नो छैठो वार्षिक साधारणसभा सम्पन्न गरेको छ । मारसाल कृषि सहकारी संस्थाका अध्यक्ष रघु टुडुको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि झापा गाउँपालिका अध्यक्ष जयनारायण शाह रहेका थिए । सीता परियारले स्वागत मन्तव्य राखेको कार्यक्रममा संचालक सदस्य श्री हेमरमले वार्षिक आयव्यय प्रस्तुत गरेका थिए । कार्यक्रममा एस.एन जेडीका अध्यक्ष सोमनाथ भट्टराई , वडाध्यक्षहरु राजकुमार यादव , नेत्रबहादुर खड्कालगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन मारसाल सहकारीका व्यवस्थापक राप्ती राजवंशीले गरेकी थिइन् । मारसाल कृषि सहकारी संस्था २०७२ सालमा स्थापना भएको थियो । मारसाल कृषि सहकारी संस्थाले झापा गाउँपालिकाको वडा १ र २ को अतिविपन्न वस्तीहरुमा पहिला समूहको रुपमा काम गर्दथ्यो । लुथरन विश्व फेडरेसन नेपाल नामक संस्थाले विपन्न गाउँमा गठन भएका समूहहरुलाई दिगो जीविकोपार्जनका लागि आर्थिक सहयोग र विभिन्न तालिमहरु दिदै आएको छ । समूहमा आएका विभिन्न समस्याहरुको वारेमा अध्ययन गरी समाधान गर्दै आएका छन् । लुथरन विश्व फेडरेसन नेपालले वडा नं. १ र २ का समूहहरुलाई संगठित गरी बचत गर्ने वानीको विकासका लागि कृषि सहकारी संस्थामा रुपान्तरण गरी २०७२ साल फागुन ४ गते सहकारी डिभिजन कार्यालय भद्रपुरमा दर्ता गरिदिएको थियो । ११ वटा समूहका २५ जना प्रतिनिधिबाट रु २५ हजार संकलन गरिएको थियो भने प्रवेश शुल्क वापत १ हजार २ सय ७५ लिई मारसाल कृषि सहकारीको स्थापना भएको थियो । अहिले मारसाल कृषि सहकारी संस्थाअन्तर्गत १९ वटा समूह रहेका छन् । उक्त सहकारीको आफ्नो शेयर पुँजी ७ लाख रहे पनि विभिन्न दातृ निकायबाट अनुदान पाएपछि अहिले मारसालको कुल सम्पति ६५ लाखको रहेको छ । मारसाल कृषि सहकारीले आर्थिक वर्ष २०७७-०७८ मा सम्पूर्ण खर्च कटाएर ३ लाख ७२ हजार रुपैयाँ नाफा कमाएको छ ।



# अक्षयकोषलाई बुढाथोकीले दिए २० हजार



*बिर्तामोड (प्रस)* । नेपाल प्रेस युनियन झापाले स्थापना गरेको अक्षयकोषमा झापा अर्जुनधारा-८ निवासी राजनीतिक एवं सामाजिक ब्यक्तित्व भरत बुढाथोकीले २० हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।

अर्जुनधारामा आयोजित संक्षिप्त कार्यक्रममा युनियनका झापा अध्यक्ष इन्दु पूर्वेली, पूर्व अध्यक्ष कृष्ण हुमागाई, संस्थापक सदस्य दिपक ढकाल, केन्द्रीय पार्षदहरु यज्ञप्रसाद पाठक, रेजिना गौतमलाई बुढाथोकीले उक्त रकम हस्तान्तरण गरेका हुन् । कार्यक्रममा नेपाली कांग्रेस अर्जुनधारा नगर समितिका उपसभापति चतुर्भुज काफ्ले, कृष्ण थापालगायतको उपस्थिति रहेको थियो ।

रकम हस्तान्तरण गर्दै बुढाथोकीले पत्रकारहरुले निष्पक्ष भएर सुशासन र भ्रष्टाचारमुक्त समाजका लागि कलम चलाउन आग्रह गरे । लोकतन्त्रवादी पत्रकारहरुको संस्था प्रेस युनियनमा आबद्ध पत्रकारले लोकतन्त्र संस्थागत विकास र सुशासनका लागि निडर भएर सत्य समाचार सम्प्रेषण गर्नुपर्नेमा उनको जोड थियो ।

# पोखरीमा डुबेर एकजनाको मृत्यु

*बिर्तामोड (प्रस)* । मोरङको विराटनगर महानगरपालिका-११ मा रहेको एक माछा पोखरीमा डुबेर २८ बर्षिय सुजन कामतको मृत्यु भएको छ ।
पुष १५ गतेबाट घरबाट हराईरहेका कामतको खोजतलास गर्ने क्रममा मंगलवार बेलुका साढे ६ बजे गाउँकै पोखरीमा मृत अवस्थामा कामतको शव फेला परेको थियो । घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# ट्याक्टर दुर्घटना सहचालकको मृत्यु

बिर्तामोड , पुष २१ । भोजपुरको रामप्रसाद राई गाउँपालिका-५ हिमाङमा मंगलवार बेलुका भएको ट्याक्टर दुर्घटनामा परी सोही ट्याक्टरका सहचालकको मृत्यु भएको छ ।

भोजपुरबाट घोडेटार जाँदै गरेको प्रदेश १-०२-००३ त ९४० नंम्बरको टयाक्टर आफै अनियन्त्रित भई पल्टिदा ट्याक्टरका सहचालक हतुवागढी गाउँपालिका-१ का रंजित सार्कीको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ । घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

### १५ दिने सूचना

सधियार पश्चिमः श्री मान बीर लिम्बु, दक्षिणः श्री शिवकुमार कार्की को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री हेमराज धौराली र मनोज धौरालीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | १७९-००८०-२२ | ५९ | ४४८.६५ | २०७८/८/१३ | २०७८/०८/१३ | २०७८/०९/१९ |

नोटः यस पत्रिकामा मिति २०७८ पुष २१ गते प्रकाशित सूचनामा सधियारको नाममा मान बीर लिम्बु हुनु पर्नेमा अन्यथा भएकोले सच्याई पुनः प्रकाशित गऐिको छ ।

## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

प्रदेश नं. १ झापा जिल्ला,अर्जुनधारा न.पा. वडा नं.- ३ मा बस्ने विर्ख बहादुर सार्कीकी नातिनी,कर्ण बहादुर सार्कीकी छोरी राम माया सार्कीको मिति २०७८/०८/२४ गते मृत्यु भएकोले निजका नाममा यस बैंकको शाखा कार्यालय खुदुनाबारीमा रहेको खाता नं. 02901200121889000001,संग सम्बन्धित सम्पूर्ण खाताहरुमा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान टिका राम सार्कीले मिति २०७८/०९/१९ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय,खुदुनाबारी
फोन नं. ०२३-४२००७६/०२३ - ४२००७७

## बीमालेख हराएको सूचना

झापा बिर्तामोड ४ का आशिष खड्काको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको ०२३००१५१९३ नं.को बीमालेख मिति २०७८ पुष २१ गते हराएको हुँदा भेट्नु हुने महानुभावले निम्न फोन नं. मा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

सम्पर्क ९८५२६५७६३३

## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

प्रदेश नं. १ झापा जिल्ला,शनिश्चरे गा.वि.स. वडा नं.- ९ स्थायी ठेगाना भई हाल झापा जिल्ला अर्जुनधारा न.पा. वडा न.९, अर्जुनधारा बस्ने लाल बहादुर अधिकारीका नाति चिन बहादुर अधिकारीका छोरा लोक बहादुर अधिकारीको मिति २०७ ८/०१/२७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय काँकरभिट्टा मा रहेको बचत खाता नं.०१४१०२००११५२०४००००१ मा रहेको निक्षेप रकम भुक्तानी गरी पाउँ भनी मृतककी श्रीमती गंगा अधिकारीले मिति २०७८/०९/२० मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, काँकरभिट्टा
फोन नं. ०२३-५६७३०२

## अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

### ७ दिने सूचना

सधियार पूर्व : श्री राजकुमार चाम्लिङ पश्चिमः श्री बल बहादुर नेम्वाङ्ग उत्तरः बाटो दक्षिण : शुसिला शर्माको नाममा जारी गरिएको ।

साविक शनिश्चरे गाविस ७ हाल अर्जुनधारा नगरपालिका, वडा नं. ११ बस्ने श्री रुद्र केरुङ्ग ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा-११ | - | ५४५२ ५४४९ | ०-०-११.५० | २४९० | २०७८/९/२२ | २०७८/९/२१ |

## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।




## ठाकुर पोलिक्लिनिक
पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा
+977-23-590008 9817964771

**डा. पिताम्बर ठाकुर**
MBBS.MD (TU) NMC 1914
Cheif Consultant Physician
Ex Superintendent Mechi Zonal Hospital
समयः दैनिक बिहान ११-२ बजे सम्म, दिउँसो ४ बजे पछि

**डा. शम्भु नवल**
MBBS.MS. (TU/IOM)
Gold Medalist NMC 6724
Consultant General Leproscopic & Uro- Surgeon
समयः दैनिक बिहान ७-९ बजे सम्म

**डा. अरूण फुयाल**
MBBS.MD (KUSMS) NMC 18337
Radiologist & Imaging
समयः दैनिक बिहान ७-९ बजे सम्म, साँझ ५ बजे पछि

**डा. लोभराज लोहनी**
Fellowship Of Rheumatologist (AIIMS, New Delhi) NMC 11300
MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
समयः प्रत्येक दिन बिहान ७-९ बजे सम्म, साँझ ५-६ बजे

**डा. केशव ढकाल**
MBBS.MD. (BPKIHS)
Dermatologist NMC 2910
वरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ
समयः प्रत्येक दिन २ बजे पछि

**डा. विवेक रौनियार**
MBBS.MD (Neuro Physician) NMC
बरिष्ठ ढाड, टाउको तथा नशारोग बिशेषज्ञ
समयः प्रत्येक शनिवार मध्यान्न १२ बजे पछि

**डा. केशव मण्डल**
MBBS. (BPKIHS) MD (TU) NMC 13303
नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक बिहान ८-१० बजे र साँझ ५ बजे पछि

**डा. शशांकराज पोखरेल**
MBBS. MD (Psychiatry) BPKIHS, DHARAN
वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
समयः दैनिक साँझ ५ बजे पछि

**डा. धिरज गिरी**
MBBS. MD (ENT)
वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ
समयः दैनिक सेवा

यहाँ भिडियो एक्सरे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी, ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको साथै अनुभवी डाक्टरहरुद्वारा उपचार सेवा उपलब्ध छ ।

## हरि ओम UPVC उद्योग



बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरुः यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरु निर्माण गरिन्छ।

नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

## सम्पादकीय

### खोई सतर्कता ?

कोभिड–१९ को नयाँ उत्परिवर्तित भेरियन्ट ओमिक्रोनले नेपालमा तेस्रो लहर ल्याउन सक्ने आशंका गर्न थालिएको छ । तर आम मानिसले खासै सतर्कता अपनाएको पाइदैन । तेस्रो लहरको कोरोना संक्रमणको जोखिम न्यूनीकरण गर्न आमसर्वसाधारण जनताले पनि सोहीअनुसार आवश्यक सचेतता अपनाउन जरुरी छ । यसका लागि यो भेरियन्ट फैलिनुपूर्व नै उच्च सतर्कता अपनाउनुपर्ने सुझावसहित स्वास्थ्य निर्देशनालयले मातहतका स्वास्थ्य कार्यालयलाई निर्देशन पनि गरिसकेको छ ।

अहिले नेपालमा तीन जनामा ओमिक्रोन भेरियन्टको संक्रमण पुष्टि भइसकेपछिको अवस्थामा यो भेरियन्टको आक्रामक र संक्रामक चरित्रलाई लिएर सरकारी निकायले सावधानी अपनाउन बेलैमा सचेत गराउनु आफैंमा सतर्कताका लागि सकारात्मक प्रयत्न पनि हो । त्यसो त चिसो मौसममा कोभिड–१९ ले महामारीको रूप लिने गरेको विगतका अनुभव हामी सबैलाई छ । यो भेरियन्टको लक्षण देखिँदा सामान्य रुघाखोकीझैं देखिए पनि यसले गर्ने असर भने असामान्य रहेको छ । यसैलाई लिएर अमेरिका तथा युरोपीय देशहरूमा स्वास्थ्य इमर्जेन्सी तथा लकडाउनका प्रक्रिया अहिले पनि प्रयोगमा छन् । उनीहरूले आन्तरिक तथा बाह्य उडानका साथै देशभित्रको आवतजावतमा पनि निकै कडाइ गरिरहेका छन् । यसबाट बुझ्न सकिन्छ, रोग लागेपछि निको पार्नुभन्दा रोग लाग्नुपूर्व नै सावधानी अपनाउनु सबैभन्दा राम्रो तरिका हो । विश्व स्वास्थ्य संगठनले पनि लापरबाही गरिएमा यसको ठूलो मूल्य चुकाउनुपर्ने भनी विश्वभरका मानिसलाई चेतावनी दिइरहेको छ । हालसम्म लगाइएका खोप बुस्टर डोजका रूपमा प्रयोग गरिएमा वा नियमित रूपमा लिँदै गरेका खोपको मात्रा लिएमा पनि यसको संक्रमणबाट बच्न सघाउ पुग्ने विश्व स्वास्थ्य संगठनले जानकारी दिएको छ । हरेक देशका कार्यकारी निकायका रूपमा रहेका सरकारलाई यो संगठनले घचघच्याइरहेको छ । नेपाल पनि यस्ता देशहरूमा पर्छ, जहाँका जनताले समान रूपमा खोप पाउन सकेका छैनन् । खोप लिएका मानिसहरूको संख्या निकै कम भएकाले पनि ओमिक्रोन नेपालमा भयानक लहर लिएर आउन सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

देशमा ओमिक्रोन महामारी देखिइसकेको छ । यसको प्रवेश भनेको यसले लिन सक्ने आक्रामक र संक्रामकताको संकेत हो । त्यसैले आमजनताले सही किसिमले मास्क लगाउने, भौतिक दूरी कायम राख्ने, स्यानिटाइजरको प्रयोग गर्ने, साबुनपानीले हातधुने तथा भिडभाड नगर्ने कुरामा संयमता र नियमितता अपनाउनुपर्छ । सीमा इलाकामा होल्डिङ सेन्टर र क्वारेन्टाइनको व्यवस्था गरिनुपर्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली र लेखा समिति



• डिल्ली दाहाल

सहकारी संस्था र संचालकका लागि आफ्ना आन्तरिक अंगहरुको अधिकार तथा कर्तव्य सुनिश्चित गरिएको हुन्छ । यदि कसैले आफ्नो अधिकार क्षेत्र बाहिर गएर काम गरेमा अर्को कुनै निकायले सजग, सतर्क तथा सहयोग एवं सुझाव उपलब्ध गराएको हुन्छ । साथै ऐन कानून नियम विनियमले पनि आ-आफ्नो लक्ष्मण रेखा कोरिदिएको हुन्छ । अतः सन्तुलन र नियन्त्रणको नीतिअनुरुप सहकारीमा आन्तरिक नियन्त्रण प्रणालीका अवयवहरु परिचालित भएका हुन्छन् । सहकारी व्यवसाय प्रजातान्त्रिक, पारदर्शी, जवाफदेही र सहकार्यमा गरिने सामूहिक व्यवसाय हो । यसको चरित्रले कुनै निरंकुशता , मानोमानी, व्यक्तिवादी प्रवृतिलाई नस्वीकार्ने हुन्छ । प्रजातन्त्रको आत्मा शक्ति सन्तुलन र नियन्त्रण हो । अर्थात सहकारीका आन्तरिक अंगहरुले आ-आफना तोकिएका भूमिका निर्वाह गरी अपेक्षित उद्देश्य हासिल गर्नु पर्दछ र भूमिका निर्वाह गर्ने क्रममा अधिकारको दुरुपयोग हुन सक्दछ । त्यस्तो अवस्थामा अर्को अंगले आफ्नो अधिकार प्रयोग गरी अधिकार दुरुपयोग रोकी सबैले आ-आफनो सही भूमिका निर्वाह गराउने पद्धति नै आन्तरिक नियन्त्रण प्रणाली हो । आन्तरिक नियन्त्रण प्रणालीको उद्धेश्य कार्य सम्पादनको सही मूल्याङ्कन गर्ने, निरन्तर अनुगमन गर्ने , कमी कमजोरी पत्ता लगाई सो हटाउन मद्धत गर्ने , सुधारका उपायको निरन्तर खोजी गर्ने, निर्णय प्रकृयामा सहभागी गराउने, कार्यान्वयन निर्णय, लेखा आदि प्रणालीमा पारदर्शिता अपनाउने , उत्प्रेरणा , सम्मान , पुरस्कारको व्यवस्था गरी सहकारी संस्था संचालनमा सक्रियता ल्याउने आदि हो ।

साधारणसभा संचालक समिति , लेखा समिति , अन्य उपसमिति ,व्यवस्थापक , कर्मचारीहरु , शेयर सदस्यहरु सहकारीका आन्तरिक नियन्त्रण प्रणालीका अङ्गहरु हुन् ।

१.साधारणसभा

यो सहकारी संस्थाको सर्वोच्च निकाय हो । साधारणसभा भनेको सदस्यहरुले गत वर्षको कार्यक्रमको समीक्षा गर्ने र भावी कार्यक्रम योजना बनाउने अवसर हो । प्रत्येक सहकारीको एक साधारणसभा हुन्छ । संस्थामा बचत जम्मा गर्ने , संस्थाबाट कर्जा लैजाने तथा संस्थासँग कारोबार गर्ने सबै सदस्यहरु साधारणसभाको सदस्य हुन्छन् । साधारणसभा सहकारीको सर्वोच्च निकाय हो । आयमूलक क्रियाकलाप गर्ने व्यावसायिक संगठनको रुपमा कार्य गर्ने , सहकारी संस्थाहरुका हरेक गतिविधिहरुलाई नियन्त्रण गर्ने , नियमन गर्ने , व्यवस्थापन गर्ने र सामाजिक, आर्थिक र सांस्कृतिक विकासको लागि मार्गनिर्देशन गर्ने अङ्ग साधारणसभा हो । साधारणसभा संस्थाको मालिकहरुको समूह हो , भेला हो , बैठक हो । संस्थाको नीति कार्यक्रम र बजेट स्वीकृत वा अस्वीकृत गर्न सक्ने अधिकार र शक्तिसम्पन्न अङ्ग हो । संस्था कसरी संचालन गर्ने भनेर कानून निर्माण गर्ने संशोधन गर्ने विधायकी अङ्ग हो । सम्पूर्ण आर्थिक तथा प्रशासनिक नियमहरु स्वीकृत गर्ने शक्तिसम्पन्न अङ्ग हो । संचालक समिति र लेखा समिति पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्ने , नेतृत्व परिवर्तन गर्ने , बर्खास्त गर्ने , दण्डित गर्ने , निर्देशन दिने निकाय हो । सदस्यहरुलाई न्यायनिसाफ दिने न्यायपालिका समेत हो । संचालक समिति र व्यवस्थापनले गरेका हरेक गतिविधिहरुको जाँचबुझ गर्ने , हिसाब जाँच गर्ने , अनुसन्धान गर्ने र सुझाव दिने आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी शक्तिसम्पन्न अङ्ग हो । सहकारीमा बचत जम्मा गर्ने र कर्जा लैजाने तथा कारोबार गर्ने हरेक सदस्य साधारणसभामा उपस्थित भएर संस्थाको निगरानी राख्ने दायित्व कर्तव्य र अधिकार पनि हो । सदस्यहरुलाई साधारणसभाको अर्थ महत्व र गरिमाबारे सहकारी संस्थाहरुले सहकारी शिक्षालाई जोड दिनु पर्दछ । यसमा सदस्यहरुको अधिकतम् सहभागिता नगराउने, कारोबारमा पारदर्शिता कायम नगर्ने, सदस्यहरुको सुझाव कार्यान्वयन नगर्ने संस्था जोखिममा त पर्छ नै, कार्वाहीको भागीदार पनि संस्था बन्नुपर्छ । यसमा आम सदस्यको सक्रिय सहभागिताको जरुरत पर्दछ ।

२.संचालक समिति

साधारणसभाले निर्माण गरेका विनियम, नीति नियम , योजना ,कार्यक्रम र बजेट निर्देशिका तथा निर्देशनको परिधिभित्र रहेर सहकारी संघसंस्थाको उद्देश्यतिर रथ हाँक्ने काम संचालक समितिले गरेको हुन्छ । यो सहकारी संस्थाको कार्यकारी अङ्ग हो । जसले निर्णय गर्दछ , कार्यान्वयन गर्दछ , फ्रन्टलाइनमा बसेर सहकारीको सेवा व्यवस्थापन गर्दछ । यसले कम्तिमा प्रत्येक महिनाको एकपटक नियमित बैठक राख्ने, सदस्य वा कर्मचारीलाई घटुवा वा बर्खास्त गर्ने, विशेष साधारणसभा बोलाउने , व्यावसायिक कारोबारको छड्के निरीक्षण गर्ने , दण्ड सजाय , पुरस्कार ,उत्प्रेरणा जस्ता पक्षमा ध्यान दिने , कर्मचारीहरुले सदस्य तथा ग्राहकहरुसंग राम्रो व्यवहार गरे-नगरेको हेर्ने , कुनै सदस्यले ऋण माग गर्दा (परियोजना स्कीम ) पेश गरेको छ-छैन ? परियाजना सामान्य छ-छैन ? प्रतिवेदन प्राप्त भएको छ-छैन ? सदुपयोगको स्थिति जाँच गर्ने , दुरुपयोग भएको असुलउपरतर्फ जाने आदि कार्यहरु गरी संस्थाको उद्देश्य हासिल गर्नमा प्रत्यक्ष संलग्न हुन्छ ।

ग) लेखा समिति

सहकारीमा आर्थिक अनियमितता हुन नदिन समयमै आवश्यक प्रक्रिया अपनाउने आदि कार्यहरु गरी सहकारी संस्थामा बलियो आन्तरिक नियन्त्रणको भूमिका निर्वाह लेखा समितिले गर्दछ र गर्नुपर्दछ । साधारणसभाले सम्पूर्ण कार्यकारी अधिकार संचालक समितिलाई दिएको हुन्छ ,जसको कामको मुल्याङ्कन सुपरीवेक्षणको गर्ने अधिकार सम्पन्न गर्न लेखा समिति साधारणसभाले नै निर्वाचन गरेको हुनेछ । आन्तरिक नियन्त्रण प्रणालीको सबैभन्दा महत्वपूर्ण र प्रभावकारी अङ्ग लेखा समिति भएकाले यसको गठन ,काम कर्तव्य अधिकारको कानूनी व्यवस्था अध्ययन गर्दा पनि लेखा समितिको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको भूमिका अवगत गर्न सक्ने भएकाले सहकारी कानूनले निम्नानुसारको व्यवस्था गरेको पाईन्छ ।



लेखा सुपरीवेक्षण समितिको गठन

सहकारी संस्था ठीक ढंगले चलेको छ- छैन भनेर हेर्ने काम लेखा सुपरीवेक्षण समितिले गर्नुपर्दछ । आर्थिक पारदर्शिता तथा आर्थिक अनुशासन संस्था सफलताको कडी हो । यो कडीलाई मजबुत गर्ने काम लेखा सुपरीवेक्षण समितिको अनुगमनबाट मात्र संभव हुन्छ । स्वनियमनको सहकारी अवधारणाले साकार रुप लिने विधि पनि यहि हो । लेखा समितिले (धबतअज मयन) को भूमिका गर्ने हो तर, संचालक समितिका निर्णयमा हस्तक्षेप नगरी सुधारका लागि सल्लाह सुझाब दिने निकाय हो । तर लेखा समितिले आफ्नो अपेक्षित भूमिका निर्वाह गर्न नसक्दा संस्था धरासायी हुन्छ । लेखा सुपरीवेक्षण समितिका पदाधिकारी विषयवस्तुको राम्रो ज्ञान भएको , लेखाको ज्ञान अनिवार्य भएको , विश्लेषणात्मक क्षमता भएको , नैतिकवान र उच्च मनोवल भएको , हस्तक्षेप नगरी सुझावलाई कार्यान्वयन गराउन सक्ने खुबी भएको , सहकारी कानूनको समेत ज्ञान भएको हुनुपर्दछ । संघसंस्था वा बैंकको लेखाको सुपरीवेक्षण समितिमा एक जना संयोजकसहित ३ सदस्यीय हुनेछ । सदस्य निर्वाचित गर्दा कम्तिमा एक जना सदस्य लेखाको ज्ञान भएको व्यक्ति हुनु पर्दछ । लेखा सुपरीवेक्षण समितिको गठन शेयर सदस्यहरुले निर्वाचनबाट गर्नेछन् । संस्था वा संघ वा बैंकको अध्यक्ष र कार्यकारी प्रमुखसंग एकाघरको नाता सम्बन्ध रहेको सदस्य लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य हुन सक्ने छैन । लेखा सुपरीवेक्षण समितिका पदाधिकारीले अध्यक्षसंगको आफ्नो नाता सम्बन्ध वा व्यापारिक स्वार्थ भए-नभएको बारेमा संचालक समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ । संचालक समितिका अन्य पदाधिकारीको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता भएका शेयर सदस्यहरु लेखा सुपरीवेक्षण समितिको पदमा निर्वाचित हुन उम्मेदवार बन्न पाउने छन् । तर संचालक समितिको कुनै पदाधिकारी लेखा सुपरीवेक्षण समितिमा उम्मेदवार हुन पाउने छैनन् । लेखा सुपरीवेक्षण समितिको बैठक कम्तिमा बर्षमा चार पटक बस्ने छ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ तर, संचालक र लेखा सुपरीवेक्षण समितिको संयुक्त बैठक बसी निर्णय गर्नु हुँदैन ।

लेखा समितिको काम , कर्तब्य र अधिकार

१) संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने र समितिलाई सुझाव दिने ।

> सहकारी संस्था ठीक ढंगले चलेको छ- छैन भनेर हेर्ने काम लेखा सुपरीवेक्षण समितिले गर्नुपर्दछ । आर्थिक पारदर्शिता तथा आर्थिक अनुशासन संस्था सफलताको कडी हो । यो कडीलाई मजबुत गर्ने काम लेखा सुपरीवेक्षण समितिको अनुगमनबाट मात्र संभव हुन्छ ।

२) समिति र उपसमितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियमसम्मत छ -छैन जाँच गर्ने ।

३) संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरुलाई हानी नोक्सानी पुग्ने अवस्था भएमा वा लेखा परीक्षणको कार्यमा संचालक वा व्यवस्थापनबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नु पर्ने अवस्था देखिएमा विशेष साधारणसभा बोलाउन समितिसमक्ष अनुरोध गर्ने ।

४) लेखा परीक्षणसम्बन्धी प्रतिवेदन साधारणसभासमक्ष अनिवार्य रुपमा पेश गर्ने ।

५) प्रत्येक संस्थाको लेखा समितिले देहायका विषयमा परीक्षण गरी अनिवार्य रुपमा वार्षिक प्रतिवेदन साधारणसभामा पेश गर्नुपर्ने छ ।

क)व्यवस्थापन परीक्षण (खासगरी कर्मचारी व्यवस्थापन र समितिको र उचित प्रयोग र संरक्षणको बारेमा ) ।

ख)साधारणसभा र विशेष साधारणसभाको निर्णयको कार्यान्वयनको अवस्था ।

ग) संचालक समितिको बैठक निर्णय र कार्यान्वयनको नियमितता ।

घ) बचत तथा ऋण कारोबार गर्ने संस्थाको हकमा ऋण लगानी प्रकृया र सुरक्षणको अवस्था ।

ङ)विभाग र प्रदेश रजिष्ट्रारबाट जारी मापदण्डहरुको कार्यान्वयनको अवस्था ।

च) विभाग प्रदेश र संघहरुले अनुगमन निरीक्षण गर्दा देखाईएको कैफियत र सुझावहरुको कार्यान्वयनको अवस्था ।

छ ) संस्था, संघ वा बैंकको पदाधिकारी र प्रमुख कार्यकारीले लिएका पारिश्रमिक सुविधा र भत्तासम्बन्धी विवरण ।

ज) कर्मचारी भर्ना प्रक्रिया ।

झ) शेयर सदस्यहरुलाई नियमानुसार दिइएको मुनाफा र अन्य थप सुबिधाहरु ।

ञ) लेखा समितिले उल्लेख गर्न चाहेको अन्य विषयहरु ।

लेखा सुपरीवेक्षण समितिले चौमासिक आधारमा नियमित परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ । लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन नियमित बार्षिक साधारणसभा बस्नुभन्दा कम्तिमा १५ दिनअगावै संचालक समितिमा पेश गर्नुपर्ने छ । संचालक समितिले बार्षिक साधारणसभाको विवरणमा सो प्रतिवेदन अनिवार्य रुपमा समावेश गरी शेयर सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ । लेखा सुपरीवेक्षण समितिको प्रतिवेदनहरु लेखा परीक्षकलाई लेखा परीक्षण गर्नुअघि नै उपलब्ध गराउनु पर्ने छ । प्रत्येक चौमासिक प्रतिवेदन तयार गरी संचालक समिति अध्यक्ष वा कार्यकारी प्रमुखमार्फत समितिमा पेश गर्नु पर्नेछ । प्राप्त प्रतिवेदनबारे संचालक समितिलाई स्पष्ट पार्न संचालक समितिको बैठक वा लेखा सुपरीवेक्षण समितिका संयोजक वा निजको अनुपस्थितिमा कुनै अर्को सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ । अनुगमनको क्रममा लेखा समितिको आफ्नो दायित्व बहन गर्न नसकेको वा नगरेको पाइएमा वा सदस्यहरुले निवेदन दिएमा रजिष्ट्रार वा निजले तोकेको कर्मचारीले तत्काल अर्को लेखा सुपरीवेक्षण समिति गठनका लागि विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ ।

लेखा समितिको भूमिका

सहकारी संघ संस्थाका संचालक समिति तथा व्यवस्थापकलाई आर्थिक अनुशासनको पालना गराउने , आर्थिक नियम अनुशरण गर्न सहज गराउने, सुझाव उपलब्ध गराउने , आर्थिक अनियमितता हुन नदिने , आर्थिक प्रशासनमा स्वेच्छाचारिता हुन नदिने जस्ता कार्यहरु गरी संचालक समितिलाई लेखा व्यवस्थित राख्नमा मद्धत पुर्‍याउँछ । आन्तरिक लेखा परीक्षण गर्ने गराउने , लेखा श्रेस्ता एक-एक गरी वा बीच-बीचमा छड्के गरी जाँच गर्ने , विल , भौचर , दैनिक पोस्टिङ खाता जोडजम्मा जस्ता कारोबारमा नियमितता छ-छैन ? हेर्ने, आर्थिक अनियमितता हुन नदिन समयमै आवश्यक प्रक्रिया अपनाउने आदि कार्यहरु गरी सहकारी संस्थामा बलियो आन्तरिक नियन्त्रणको भूमिका निर्वाह लेखा समितिले गर्दछ र गर्नु पर्दछ । साधारणसभाले सम्पूर्ण कार्यकारी अधिकार संचालक समितिलाई दिएको हुन्छ । जसको कामको मूल्याङ्कन सुपरीवेक्षण गर्ने अधिकार सम्पन्न गर्न लेखा सुपरीवेक्षण समिति साधारणसभाले नै निर्वाचित गरेको हुन्छ । लेखा सुपरीवेक्षण समितिले संचालक समितिसंग आफूलाई चित नबुझेमा प्रश्न सोध्ने, कार्यस्थलमै गएर कामको अनुसन्धान गर्ने , गल्ती कमजोरीको सार्वजनिक गर्ने कामहरु प्रचलित कानून अनुसार भए-नभएको जाँच्ने ,परिणाममुखी कार्यहरु भए-नभएको संस्थाको उद्देश्य लक्ष्यहरुसँग भैराखेको क्रियाकलापहरुको तुलना गरी सुधारको सुझाव दिने जस्ता कार्य गर्नाले आन्तरिक नियन्त्रण प्रणाली मजबुद हुन्छ । कार्य संचालनका बेला अधिकारको दुरुपयोग भएमा तत्काल नियन्त्रण संभव हुन्छ । सहकारी संस्थाको आर्थिक व्यवस्थापन ,हिसाव किताब , नगद व्यवस्थापन , कर्जा लगानी र कर्जा व्यवस्थापन , बचत परिचालन , लेखा व्यवस्थापन, बचत खाता र कर्जा लेजरहरुसँग फूलखाताको मिलान व्यवस्थापन , कर्मचारी व्यवस्थापन , सदस्यता विवरण, सदस्यहरुको जागरुकता , संचालक समितिको क्रियाशीलता, साधारणसभाको निर्णयको कार्यान्वयनको अवस्था, पदाधिकारी तथा कर्मचारीहरुको काम, कर्तव्य, अधिकार, उत्तरदायित्वको विभाजन र पालनाको अवस्थामा लेखा सुपरीवेक्षण समितिले सुक्ष्म रुपले निगरानी राखेर तत्काल संस्थालाई गलत बाटोमा जानबाट रोक्न सहयोग गर्दछ ।

घ) व्यवस्थापक र कर्मचारी प्रशासन ः

सहकारी संघ संस्थामा व्यवस्थापक एक महत्वपूर्ण व्यक्ति हुन्छ । यसले संचालक समितिको प्रत्यक्ष नियन्त्रणमा रहेर सहकारी संस्थाको दैनिक कार्य संचालनको साथै आन्तरिक एवं कर्मचारी प्रशासनसम्बन्धी काम गर्दछ । व्यवस्थापकले आफू मातहतका कर्मचारीहरुको रेखदेख तथा नियन्त्रण गर्ने काम गर्दछ । त्यस्तै सहकारी कारोबार तथा व्यवसायको निरन्तर अनुगमन गर्दछ । संस्थाको असल भविष्यको लागि उपयुक्त नीति निर्माण गर्न संचालक समितिसमक्ष राय सुझाव पेश गर्ने आदि जस्ता काम गर्दछ ।

ङ) अन्य-उपसमिति

सहकारी संस्थाले गर्ने कार्यहरु अनुसार विषयगत उपसमिति गठन गरिन्छ । जहाँ विषयविज्ञ सहितका सदस्यहरु रहन्छन् । व्यवस्थापकबाट पेश हुन आएका प्रतिवेदन, कुनै विषयवस्तुहरुमाथि छानविन विचार गरी आफ्नो राय सुझाव साथ संचालक समितिमा पेश गरी समितिको कार्य संचालनमा सहजता ल्याउन सहयोग गर्दछ ।

च) संस्थाका सदस्यहरु ः

सहकारी सदस्यहरुकै चासो , योगदान तथा मेहनतबाट परिचालित भएको हुन्छ । सदस्यहरुले संस्थाको हरेक कारोबारमा सहभागिता राख्ने साधारणसभा , निर्वाचन आदिमा भाग लिने ,साधारणसभा बोलाउन संचालक समितिमा निवेदन गर्ने , आर्थिक अवस्था कर्मचारीहरुका व्यवहार आदि बारेमा उजुरी गरी समितिलाई सतर्क गराउने आदि जस्ता कार्यहरु गरी संस्थालाई गतिशील बनाउने महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

सारांश ः यसरी हरेक अङ्गले आफ्नो काम गर्ने गरेका हुन्छन् । यदि आ-आफना काम गर्ने क्रममा अप्ठ्यारा आए भने अरुबाट सहयोग प्राप्त हुन्छ । कहीकतै खराबी हुन गएमा अन्य निकायले अंकुश लगाई सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली कायम हुने गर्दछ । एक सहकारी संस्था सक्षम , सवल र संस्थागत भईरहन आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण योगदान रहेको हुन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी र अधिकारिक अङ्ग लेखा सुपरीवेक्षण समितिलाई वढी क्रियाशील बनाउन आवश्यक देखिन्छ । हरेक अङ्गले संस्थाको हित र सदस्यहरुको सेवा सुविधालाई प्राथमिकता राखेर कार्य गर्दै जानसके स्वत ः नियन्त्रण प्रणाली कायम भई संस्थाको उद्देश्य हासिल हुन सहज हुन्छ ।

*(दाहाल बिर्तामोड नगरपालिकाका सहकारी अधिकृत हुन् )*

# नोबेलमा विद्यार्थी संगठनले गरे तालाबन्दी

*विराटनगर (प्रस)* । एमबिबिएस प्रथम वर्षका विद्यार्थीको पक्षमा समर्थन जनाउन गएका विभिन्न विद्यार्थी संगठनका नेता तथा कार्यकर्ताले नोवेल मेडिकल कलेज तोडफोड गरेका छन्।

अतिरिक्त शुल्क विवाद कायम रहेको विराटनगरस्थित नोवेल मेडिकल कलेजमा बुधबार विद्यार्थीको समर्थनका लागि पुगेका विद्यार्थी संगठनहरूले नोवेलको मूलद्वारमा तोडफोड गरेका हुन्।

अतिरिक्त शुल्क नबुझाएको भन्दै नोवेल मेडिकल कलेजले ८० जना हाराहारी विद्यार्थीलाई दुई सातादेखि कक्षा प्रवेशमा रोक लगाएको छ । ती विद्यार्थी यतिवेला कक्षा प्रवेशका लागि आन्दोलनरत छन् । विद्यार्थीहरूले गेट फोडेर नोवेलको चौथो तलामा रहेको प्रशासनमा तालासमेत लगाएका छन्।



१४ लाख ८५ हजार रूपैयाँ बुझाएर एमबिबिएस प्रथम वर्षमा भर्ना भएका विद्यार्थीसँग नोवेलले विभिन्न शीर्षकमा ४ लाखभन्दा बढी रकम असुल्न खोजिरहेको छ।

यसपटक नोवेलमा एक सय जना विद्यार्थी एमबिबिएसमा भर्ना भएका छन्।

# सैनिकबजारमा सरसफाइ

*बिर्तामोड (प्रस)* । नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (एनएमसी) सैनिकबजार सेवाकेन्द्रको आयोजनामा सैनिकबजारमा सरसफाइ गरिएको छ।

संस्थाको सामुदायिक कार्यक्रमअन्तरगत सरसफाई गरिएको हो। सैनिक बजारक्षेत्र हुँदै स्थानीय महेन्द्रज्योति माविको खेलमैदानसम्म गरिएको सरसफाइ कार्यक्रममा भूपू सैनिक टोल विकास संस्था, बजार व्यवस्थापन समिति, स्थानीय प्रहरी चौकीको सहभागिता रहेको थियो।




सैनिकबजार सेवाकेन्द्रगत उपसमिति संयोजक मनु मुखियाको अध्यक्षतामा भएको सरसफाइ कार्यक्रममा भूपू सैनिक टोल विकास संस्थाका अध्यक्ष अनुत सुब्बा,प्रहरी सहायक निरीक्षक नरेन्द्र चौधरी, महेन्द्रज्योति माविका विद्यालय व्यवस्थापन समिति सदस्य किरण सुब्बा, सेवाकेन्द्रगत उपसमिति सदस्य टीकाराम दंगाल,कार्यालय प्रमुख सन्तोष ढुंगाना,२ नं. एकाई उपसमिति संयोजक रत्नबहादुर बस्नेत,सामुदायिक विभाग तर्फका कर्मचारी पवन मैनाली,समाजसेवी बच्चाजी झा, पञ्चधन राईलगायतको उपस्थिति रहेको बजार प्रतिनिधि चन्द्रहादुर राईले जानकारी दिएका छन्।

# देउराली साकोसले कमायो साढे ४ लाख मुनाफा

*बिर्तामोड (प्रस)* । बिर्तामोड १ स्थित अतिथि सदनमा कार्यालय रहेको देउराली बचत तथा ऋण सहकारी संस्था लि. ले आफ्नो १५ औं बार्षिक साधारणसभा सम्पन्न गरेको छ । मंगलबार आफ्नै कार्यालय परिसरमा संस्थाले साधारणसभा सम्पन्न गरेको हो । संस्थाका अध्यक्ष प्रकाश बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि पूर्व शिक्षक तथा समाजसेवी कुलप्रसाद चाम्लिंङ, अतिथि जनसमृद्धि बहुउद्देश्यीय सहकारी संस्थाका ब्यबस्थापक तोममणि बिमली, समाजसेवी त्रिलोचन आचार्यलगायत रहेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य संस्थाकी उपाध्यक्ष प्रेमिका शेर्पाले गरेकी थिइन् । कार्यक्रममा अध्यक्ष बरालले २०७८ सालको बार्षिक प्रतिबेदन साथै भावी कार्यक्रमहरु प्रस्तुत गरेका थिए । बार्षिक प्रतिवेदन अनुसार संस्थाले यो वर्ष ४ लाख ५८ हजार ३३४ रुपैयाँ मुनाफा गरेको छ। शेयर पुंजी ४२ लाख २५ हजार १०० रुपैयाँ रहेको र आगामी वर्ष अझ धेरै मुनाफा गर्ने योजना रहेको उल्लेख छ । साथै संस्थाले युवा उद्यमी कर्जामार्फत भावी दिनमा युवालक्षित लगानी गर्ने लक्ष्य रहेको अध्यक्ष बरालले बताए । सदस्य नारदमणि नेपालले कार्यक्रम संचालन गरेका थिए ।संस्थामा १७५१ जना शेयर सदस्य रहेका छन् ।

# विद्यार्थीसंग ६ लाखबढी लिएको शुल्क फिर्ता गर्ने सहमति

*झापा (प्रस)* । विद्यार्थीबाट अतिरिक्त रकम लिएपछि सुरु भएको आन्दोलन फिर्ता गर्ने सहमतिपछि सकिएको छ । पोखराको मनिपाल कलेजले चिकित्सा शास्त्र अध्ययन गर्ने विद्यार्थीबाट तोकिएकोभन्दा ६ लाख रुपैयाँ बढी शुल्क लिएको उनीहरूको आरोप छ । त्यही शुल्कविरुद्ध विद्यार्थी संघ संगठनहरूले आन्दोलन गरेका थिए । निरन्तरको आन्दोलनपछि कलेज प्रशासनले शुल्क फिर्ता लिने निर्णय गरेको हो ।

मंसिर २० गते प्रशासनमा ताला लगाएर सुरु भएको आन्दोलन बुधबारको सहमतिपछि सकिएको छ । मनिपाल कलेजले चिकित्सा शिक्षा आयोगले तोकेको शुल्क कार्यान्वयन गराउन तयार रहेको प्रतिबद्धता जनाएको छ ।

यस्तै, चिकित्सा शिक्षा आयोगले तोकेको बाहेक विद्यार्थीहरूसँग कुनै पनि अतिरिक्त रकम नलिने, विद्यार्थीबाट लिइएको अतिरिक्त शुल्कलाई आगामी वर्ष तिर्नुपर्ने शुल्कमा घट्ने गरी व्यवस्थापन गर्न तयार रहेको कलेजले जनाएको छ ।आगामी दिनमा कलेज र स्थानीय समुदायसँग सहकार्यसहित समन्वयमा अघि बढ्ने बताइएको छ । विद्यार्थीहरू सहमत भएर बुधबारदेखि नै ताला खोलिएको अनेरास्ववियु गण्डकीका संयोजक प्रकाश पौडेलले जानकारी दिए । सम्झौता पत्रमा पौडेल र प्रशासनको तर्फबाट भानु भारद्वाजले हस्ताक्षर गरेका छन् ।

### नेपालमा....

घण्टामा १० हजार २६७ जनाको कुल परीक्षणमा ६ हजार ७१५ जनाको पीसीआर र ३ हजार ५५२ जनामा एन्टिजेन परीक्षण गरिएको छ । एन्टिजेन परीक्षणमा ६५ जनामा संक्रमण देखिएको छ ।

२४ घण्टामा मृत्युको संख्या भने शून्य रहेको छ भने २३९ जना डिस्चार्ज भएका छन् । त्यसैगरी विगत २४ घण्टामा काठमाडौं उपत्यकामा २५३ जना सक्रिय संक्रमित रहेका छन् । भक्तपुरमा १८,ललितपुरमा २६ र काठमाडौंमा २०९ जनामा संक्रमण देखिएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी प्रवक्ता डा संगीता कौशल मिश्राले बुधबार कोरोना प्रेस ब्रिफिङमा हाल नेपालमा कोरोना संक्रमणको दर संक्रमण दर ३.८ प्रतिशत रहेको र पछिल्लो हप्ताभन्दा ०.९ प्रतिशतले बढेको बताइन् । होम आइसोलेसनमा ४ हजार ८५२ जना रहेका छन् भने संस्थागत होम आइसोलेसनमा ३७३ जना रहेका छन् र १४ जना आइसियूमा उपचाररत छन् । प्रदेशमा परीक्षणहरु कम भइरहेको र यसलाई बढाउनुपर्ने डा मिश्राले बताइन् । उनले भनिन्- 'परीक्षणको दायरामा ल्याइ सबै जनसंख्यालाई निगरानीको दायरामा ल्याउँदा यसले संक्रामणको चक्र तोड्न मद्दत गर्छ । कन्ट्याक्ट ट्रेसिङ, सम्पर्कमा आएकाको व्यक्तिको परीक्षण, नाकामा परीक्षण, समुदायमा परीक्षण लगायतको काम बढाइरहेको छौं ।'

# अनेरास्ववियुको अध्यक्षमा लामा सर्वसम्मत

*बिर्तामोड (प्रस)* । अनेरास्ववियु झापाको २० औं झापा जिल्ला अधिवेशनले अध्यक्षमा रोशन लामालाई सर्वसम्मत चयन गरेको छ। बिर्तामोडमा भएको अधिवेशनको बन्दसत्रले लामालाई अध्यक्षमा चयन गरेको हो ।

कमिटीको उपाध्यक्षमा लक्ष्मी गौली, बलराम गिरी, सचिवमा नारायण पोखरेल, सहसचिवमा रचना अधिकारी, बालचन्द्र कार्की, सरोज ढकाल, ईश्वर नेपाल र कोषाध्यक्षमा अनुजा शर्मा चयन भएका छन् ।




त्यस्तै सदस्यहरुमा प्रविन पाठक, प्रदिप बस्नेत, विक्रम तिवारी, धर्मेन्द्र राजवंशी, चिरञ्जीवी खतिवडा, अनुप भण्डारी, उज्वल प्रसाई, श्रेया ढकाल, सन्दिप श्रेष्ठ, सन्तोष धमला, प्रदीप बर्देवा, रितेश गिरी, सविन आचार्य, निरबहादुर प्रधान, रविन गुप्ता, अरुण तिम्सिना, सुरज कोइराला, रोशन भुजेल, योगेश भण्डारी, क्षितिज खड्का, सविन सिटौला,इन्द्र अधिकारी, पुजा सुवेदी, अनुजा शर्मा, विनिता न्यौपाने , सलिना गुरुङ,विधान राई, समिउल अलि रहेका छन् ।

अधिवेशनको उद्घाटन सत्रलाई अनेरास्ववियुका केन्द्रीय अध्यक्ष सुनिता बराल, एमालेका स्थायी कमिटी सदस्य एवम् झापा इन्चार्ज अग्नि खरेल, प्रदेश सांसद बसन्त बाँनिया, एमाले झापाका सचिवालय सदस्य एवम् अनेरास्ववियुका पूर्व केन्द्रीय सदस्य असारु राजवंशी, अनेरास्ववियुका सचिवालय सदस्य दिपेश दाहाललगायतले सम्बोधन गरेका थिए ।

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
भद्रपुर, झापा

मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका मतदाताहरूलाई मतदाता नामावलीमा नाम दर्ता गराउने अत्यन्त जरूरी सूचना

निर्वाचन आयोगको निर्णय अनुसार झापा जिल्लाका १५ वटै स्थानीय तहँहरुमा मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यलय झापाले मिति २०७८ -०८ -१७ गते देखी मतदाता नामवली नाम दर्ता टोली खटाउदैछ। नाम दर्ता गर्न छुट भएका योग्य मतादताहरुले तपशिल बमोजिमको मिति र स्थानमा तदनुरुपको कागजातहरुलिई उपस्थित हुनका लागि अनुरोध गरिन्छ।

तपशिल

| क्र.स | स्थानीय तहहरुको नाम | कार्यक्रम सञ्चालन हुने मिति | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १ | विर्तामोड न.पा, अर्जुनधारा न.पा, हल्दिबारि गा.पा, कमल गा.पा, शिवसताक्षी न.पा र कन्काई न.पा | वि.स:२०७८-०८-१७ गते देखी वि.स:२०७८-०९-०२ सम्म | सम्बन्धित स्थानीय तहको कार्यलय |
| २ | मेचीनगर न.पा, बुद्धशान्ति गा.पा, कचनकवल गा.पा,गौरादह न.पा, झापा गा.पा,बाह्रदशी गा.पा | वि.स २०७८-०९-०४ देखी २०७८-०९-१८ गते सम्म | सम्बन्धित स्थानीय तहको कार्यलय |
| ३ | भद्रपुर न.पा | निरन्तर दर्ता | जिल्ला निर्वाचन कार्यलय र जिल्ला प्रशासन कार्यलय,भद्रपुर, झापा |
| ४ | दमक न.पा | निरन्तर दर्ता | ईलाका प्रशासन कार्यलय दमक झापा |
| ५ | गौंरीगंज गा.पा | निरन्तर दर्ता | ईलाका प्रशासन कार्यलय गौंरीगंज झापा |

आवश्यक कागजातहरु:
१. सम्बन्धित ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा -नेपाली नागरिकताको प्रमाण-पत्र मात्र।
२. अन्यत्र ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा -नेपाली नागरिकताको प्रमाण पत्र र बसाईसराईको सक्कल प्रमाण पत्र।
३. बिबाह गरेर आएका महिलाका लागि श्रीमान र श्रीमती को नागरिकता तथा बिबाह दर्ताको सक्कल प्रमाण पत्र ।

दृष्टब्य
बाहिरी जिल्लाका योग्य मतदाताहरुको लागि सम्बन्धित जिल्लामै ठेगना राखी नाम दर्ता गर्न चाहेमा जिल्ला निर्वाचन कार्यलय भद्रपुर झापामा मिति २०७८।०८।१७ देखि २०७८।०९।१८ सम्ममा सम्पर्क राखु होला।

जिल्ला निर्वचान कार्यलय

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७०२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६

विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क: ९८१६९१७७८७/९८१७०८१९९०

**मेष** रमणीय र सुखद् यात्राको योग छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**वृष** पुरानो समस्या सुल्झाउन सकिनेछ । शुभ चिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन्।

**मिथुन** आज कार्यमा बाधा आउनेछ । सरकारी निकायको भय रहला ।

**कर्कट** आज नयाँ जिम्मेवारी पाइएला । घरमा अतिथिको आगमन हुनेछ ।

**सिंह** मन मिल्ने साथीको सहयोग मिल्नेछ । जटिल ठानिएको कार्य सम्पादन हुन सक्छ ।

**कन्या** आज शुभकार्यको योग छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**तुला** आज नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

**वृश्चिक** नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट आँटेको काम सफल हुनेछ ।

**धनु** कीर्तिमानी काम गर्ने समय छ । चलाखीपूर्ण बोलीले काम बन्नसक्छ ।

**मकर** बुद्धि र विवेकको प्रयोग गर्न सके आजको दिनलाई सकारात्मक बनाउने

**कुम्भ** आज सन्तान टाढिन सक्छन् । वैदेशिक क्षेत्र कमजोर रहनेछ ।

**मिन** शुभकार्यको चर्चा चल्नेछ । टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ ।